फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं


# नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## शुभकामना

संयुक्त राष्ट्रसंघको आह्वानमा सन् १९९३ देखि प्रत्येक वर्ष अक्टोबर १७ लाई **"अन्तर्राष्ट्रिय गरिबी निवारण दिवसका"** रूपमा मनाइँदै आइएको छ। यस वर्ष अन्तर्राष्ट्रिय गरिबी निवारण दिवसको लागि संयुक्त राष्ट्रसंघबाट **परिवारहरूको लागि सम्मान र प्रभावकारी सहयोग सुनिश्चित गर्दै सामाजिक र संस्थागत दुर्व्यवहार अन्त्य गर्ने** (Ending social and institutional maltreatment by ensuring respect and effective support for families) भन्ने सन्देश सहित मनाउन लागिएको यस दिवसको अवसरमा सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

गरिबी अझै पनि नेपालको प्रमुख चुनौती बनेको छ। नेपाल जीवनस्तर सर्वेक्षण २०७९/८० अनुसार करिब २०.२७% जनसंख्या अझै निरपेक्ष गरिबीको रेखामुनि रहेको छ। त्यस्तै बहुआयामिक गरिबी सूचक २०२१ अनुसार करिब १७.४% जनसंख्या बहुआयामिक गरिबीको चपेटामा छन्। यस यथार्थले हामीलाई थप जिम्मेवार र प्रतिबद्ध हुन प्रेरित गर्दछ। दिगो विकासका लक्ष्य (SDGs) अन्तर्गतको पहिलो लक्ष्य नै **"सबै क्षेत्रमा रहेको सबै स्वरुपको गरिबीको अन्त्य"** गर्ने रहेको छ।

गरिबी निवारणका लागि नेपाल सरकारको सबै मन्त्रालय,निकायले विभिन्न कार्यक्रम संचालन गरेका एवं यस मन्त्रालयवाट यस आर्थिक बर्ष २०८२/८३ मा मुख्यतःगरिब पहिचानको लागि गरिब घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम सञ्चालनमा छ। यो कार्यक्रमवाट हालसम्म ६४ जिल्लाका ८ लाख ८६ हजार ८०१ घर परिवारलाई राज्य सुविधा परिचयपत्र वितरण गरिसकिएको छ। बाँकी रहेको १३ जिल्ला मध्ये १० जिल्लाका ९४ हजार ७५२ गरिब घरपरिवारको परिचय पत्र वितरणको तयारीमा रहेको र अन्य ३ जिल्लाको समेत कार्य सम्पन्न गरी यसै आर्थिक वर्ष भित्र राज्य सुविधा परिचयपत्र उपलब्ध गराइने लक्ष्य रहेको छ। राज्य सुविधा परिचयपत्रलाई तिनै तहका सरकार र अन्तर्गतका निकायवाट प्रदान गरिने स्वास्थ सेवा लगायत अन्य सुविधा संग आवद्धता गराईने नीति रहेको छ।

गरिबी केवल आर्थिक अवस्था मात्र होइन, सामाजिक न्याय, अवसरको समानता, मानव मर्यादा र हक अधिकारसँग जोडिएको बहुआयामिक विषय पनि हो। त्यसैले सरकारी निकाय, नीजि क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय समुदाय, विकास साझेदारहरू सबैले हातेमालो गरेर गरिबी निवारणको साझा अभियानलाई थप सशक्त बनाउनुपर्छ।

अन्त्यमा, अन्तर्राष्ट्रिय गरिबी निवारण दिवसको अवसरमा गरिबी विरुद्धको साझा प्रतिबद्धतालाई थप प्रगाढ बनाउदै सबै प्रकारका गरिबीको अन्त्यका लागि तीनै तहका सरकार र सवै सरोकारवाला सँग समन्वय एवं सहकार्य गरी अगाडी वढ्न सकेमा मात्र गरिबी निवारणमा उल्लेखनीय सफलता मिल्ने छ भन्ने विश्वास राख्दै यस अवसरमा सवैमा शुभकामना व्यक्त गर्दछु।

(केदारनाथ शर्मा) २०८२।६।३१

३१ असोज, २०८२

सचिव